# महालक्ष्मी विकास बैंक लि.को सत्रौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को सत्रौ बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्युको अध्यक्षतामा २०७५ साल आश्विन २६ गते शुक्रबार (तदअनुसार अक्टोबर १२, २०१८) अल ईन वन मार्ट, काउन बेङक्वेट, मिनभवन, काडमाण्डौंमा बिहान ११:०० बजे शुरु भई दिनको १ बजे सुसम्पन्न भयो । सत्रौ बार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन ।

२. उपस्थिति

(क) सञ्चालकहरुको उपस्थिति

| | | |
|---|---|---|
| श्री | राजेश उपाध्याय | अध्यक्ष |
| श्री | संजय गिरी | सञ्चालक |
| श्री | राजेश कुमार रौनीयार | सञ्चालक |
| श्री | श्याम सुन्दर रुंगटा | सञ्चालक |
| श्री | रुपेन्द्र पौडेल | सञ्चालक |
| श्री | राहुल अग्रवाल | सञ्चालक |

(ख) अन्य पदाधिकारी, नियमन निकायका प्रतिनिधिको उपस्थिति

| | |
|---|---|
| श्री कृष्णराज लामिछाने | प्रमुख कार्यकारी अधिकृत |
| श्री सोमराज पन्त | कम्पनी सचिव |
| श्री मदन नारायण मल्लीक | प्रतिनिधि–कम्पनि रजिष्ट्रारको कार्यालय |
| श्री पुर्ण कुमारी श्रेष्ठ | संस्थागत शेयरधनि प्रतिनिधि–कर्मचारी संचय कोष |

(ग) शेयरधनीहरुको उपस्थिति

१. उपस्थिति शेयरधनीहरुको संख्या : ३४३ जना

(क) शेयरधनी स्वंमबाट : १९४ जना

(ख) प्रतिनिधि (प्रोक्सी) बाट : १४९ जना

२. शेयरधनिहरुको उपस्थिति प्रतिशत : ०..५६९२ प्रतिशत

३. शेयरको प्रतिनिधित्व संख्या : १,५४,७२,४०६ कित्ता

४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५८.७४ प्रतिशत अर्थात ३४३ जना

(घ) यस सभाको मिति २०७५।६।१२ सम्ममा शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ६६,३६६ मध्ये शेयरधनीहरु स्वंम १९४ तथा १४९ प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति रहेको थियो ।

३ साधारण सभामा छलफल भएका विषयहरु

सामान्य प्रस्ताव

(१) अध्यक्षज्यूको मन्तब्य सहित सत्रौ वार्षिक साधारण सभा (आ.व.२०७४/७५) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ साल आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष.२०७४/७५ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा ।

(३) आर्थिक वर्ष २०७४/७५ को मुनाफाबाट शेयरधनीहरुलाई रु. १८,४३,६५,८२१/- (अक्षरेपी अठार करोड त्रिचालीस लाख पैसठ्ठी हजार आठ सय एक्काईस) अर्थात चुक्ता पुँजीको ७ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

(४) कम्पनी ऐनको दफा १११ तथा बैंङ्क तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०७५/७६को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(५) सञ्चालक समितिको दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा सम्बन्धमा ।

**विशेष प्रस्ताव**

(१) आर्थिक वर्ष २०७४/७५ को मुनाफाबाट शेयरधनीहरुलाई रु. २१,०७,०३,७९६/-(अक्षरेपी एक्काइस करोड सात लाख तीन हजार सात सय छ्यानब्बे) अर्थात चुक्ता पुँजीको ८ प्रतिशतका दरले बोनस शेयर जारी गर्ने र सोहि हद सम्म जारी र चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धमा ।

(२) वोनस शेयर ८ प्रतिशत जारी भए पश्चात बैंङ्कको जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोहि बमोजिम प्रवन्धपत्रको दफा ५ (ख), (ग), र नियमावलीको नियम १७, २९ (घ), (ङ) संशोधन गर्ने ।

(३) यस महालक्ष्मी बिकास बैंङ्क लिमिटेड र अन्य कुनै उपयुक्त बैंङ्क तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंङ्क वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने,सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंङ्कको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition /Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

(४) बैंङ्कको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंङ्कको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(५) विविध ।

४. **सुचना प्रकाशन**

यस बैंकको संचालक समितिको मिति मिति २०७५/०६/०४ (तदअनुसार २० सेप्टेम्बर, २०१८) गते बसेको सञ्चालक समितिको ४०२ औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सुचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www.mahalxmibank.com मा र मिति २०७५/०६/०५ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिक तथा पुन : मिति २०७५/०६/११ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना प्रकाशित भएको थियो

५ **गणपुरक संख्या**

| बिबरण | कुल संख्या | स्वंम उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनि संख्या | ६६,३६६ | १९४ | १४९ | ३४३ | ०.५६९२ |
| कम्पनीको शेयर संख्या | २,६३,३७९७४.३४ | १३,५६,६१९ | १,३६,३६२०७ | १,४९,९२,८२६ | ५८.७४ |

६. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ७३ (२) कम्पनीको नियमावलीको नियम (५) बमोजिम कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरवालाको प्रतिनिधित्व भै ३ जना शेयरवालाहरु स्वयं वा आफनो प्रतिनिधिद्वारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र कम्पनीको नियमावलीमा उल्लेख भए बमोजिम पुगेको ब्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भयो । साथै सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायले सभाको अध्यक्षता ग्रहण गरी कानूनत : आवश्यक प्रकृया पुरा भएकाले छलफलका बिषयसुचि अनुसार सभा सञ्चालन गर्न अनुरोध गर्नु भयो ।

**स्वागत मन्तब्य**

साधारण सभामा कम्पनीको तर्फबाट स्वागत मन्तब्य गर्दै प्रमुख कार्यकारी अधिकृत श्री कृष्णराज लामिछानेले बडादशै अगाडीनै साधारण सभा गर्न सफल भएकोमा खुसी ब्यक्त गर्दै सम्पुर्ण शेयरधनी लगायत अन्य प्रतिनिधिहरुलाई स्वागत गर्नु भयो । NFRS सहितको ब्यालेन्ससिट बनाउने र बिकास बैंकमा छिटो साधारण सभा गर्ने बैंकको रुपमा महालक्ष्मी विकास बैंक लि.रहेको छ । शाखा बिस्तार, निक्षेप, नाफाका हिसाबले महालक्ष्मी बिकास बैंक ठुलो बिकास बैंकहरुको सुचीमा रहेको छ । यस आ.व.को अन्तसम्ममा शाखा सञ्जाल करीब ९५ पुर्‍याउने लक्ष्य लिएका छौ । NPA Level लाई आ.व २०७५।०७६ मा सुधार गर्ने छौ । शेयरधनीहरुबाट प्राप्त मार्गदर्शन, सुझावलाई आत्मसाथ गरी हामी अगाढि बढने नै छौ । नम्बर भन्दा पनि Best विकास बैंक बनाउने कोशीसमा हामी लाग्ने छौ । सञ्चालक समिति, कर्मचारीहरुबाट सहयोग प्राप्त भैरहेको छ । नगद लाभांस सकेसम्म दशै अगाडी बाडने कोशीसमा छौ । डिम्याट नगर्नु भएका शेयरधनीहरुलाई महालक्ष्मी बिकास बैंकमा डिम्याट खाता खोल्न र डिम्याट खाता खोलेको तर बैंकको एकाउण्ट नियमित नगरेका शेयरधनीहरुलाई समेत खाता नियमित गर्न अनुरोध गर्दै अन्तमा बडादशैको शुभकामना ब्यक्त गर्नु भयो ।

७. **सभा सञ्चालन तथा प्रतिबेदन प्रस्तुति**

आज बसेको कम्पनीको सत्रौ बाषिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तब्य सहित आ.व. २०७४/०७५ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ साल आषाढ मसान्तको वासलात, तथा आ.ब. २०७४/०७५ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, सञ्चालक समितिको बैठक भत्ता तथा सुबिधा वृद्धि, आर्थिक वर्ष २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, आ.व.२०७४/०७५ को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ७ प्रतिशत नगद लाभांश, र बिशेष प्रस्ताबमा ८ प्रतिशत बोनस शेयर, वोनस शेयर ८ प्रतिशत जारी भए पश्चात बैङ्कको जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोहि बमोजिम प्रवन्धपत्रको दफा ५ (ख), (ग), र नियमावलीको नियम १७, २९ (घ), (ङ) संशोधन गर्ने, Acquisition/Merger, को प्रस्ताव लगायतका प्रस्ताब छलफलका लागी सभामा पेश भई सो उपर छलफलमा भाग लिन तथा यस कम्पनीको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

**अध्यक्षज्युको मन्तब्य र वार्षिक प्रतिवेदनको मुख्य बुदा निम्न बमोजिम रहेकोछ**

बिजया दशमीको उपलक्ष्यमा बैंक, बैंक सञ्चालक समितिको तर्फबाट शुभकामना ब्यक्त गर्दै साधारण सभामा उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरु, विभिन्न नियमनकारी निकायहरुबाट पाल्नुभएका प्रतिनिधिहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समितिको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

**आर्थिक बर्ष** २०७४/०७५ को मुनाफाबाट बैंकले ८ प्रतिशत बोनश शेयर तथा ७ प्रतिशत नगद **लाभांशको प्रस्ताव** गरेको छ । ८ प्रतिशत बोनश शेयर जारी पश्चात बैंकको चुक्ता पूँजी २ अर्ब ८४ **करोड** पुग्नेछ । त्यस्तै बैंकको शाखा सञ्जाल हाल ७५ रहेको र यसै क्रमलाई निरन्तरता दिँदै आगामी बर्ष देशका बिभिन्न स्थानहरुमा शाखा सञ्जाल बिस्तार गरी ९५ देखि १०० सम्म शाखा खोल्ने गृहकार्य भैरहेको ब्यहोरा जानकारी गराउन चाहान्छु । बैंकको पुँजिगत आधार बलीयो हुनुका साथै शाखा सञ्जाल बृद्धिका कारण व्यावसायमा बिस्तार गर्ने दायरा फराकिलो हुन गई देशको अब्बल विकास बैंकको रुपमा महालक्ष्मी विकास बैंक उभिन सफल भएको छ ।

आ.व. २०७४/७५ मा विप्रेषण आप्रवाहमा वृद्धि, मुद्रास्फीतिमा कमी, वैदेशिक व्यापारमा वृद्धि, देशमा राजनैतिक स्थिरता तथा सरकारको पूँजीगत खर्चमा वृद्धि सँगै बैंकलाइ थप अवसरहरु सिर्जना हुने देखिएको छ । आगामी दिनहरुमा प्राप्त अवसरहरुलाई सहि उपयोग गर्दै ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न आफ्ना क्रियाकलापहरुलाई बिशिष्टीकरण गर्दै अझ बढि सक्षमताका साथ गुणस्तरीय बित्तीय सेवा प्रदान गर्ने छौ ।

महालक्ष्मी विकास बैंकलाई अग्रणी विकास बैंकको रुपमा स्थापित गर्दै शेयर धनीहरुलाई उचित प्रतिफल दिने कोसिसका साथ कार्य गरिरहेका छौं । ग्राहकहरुलाई प्रदान गरीने सेवाको गुणस्तरमा बिशेष जोड दिँदै जोखिम व्यवस्थापन लगायत गुणस्तरीय सेवाहरु प्रदान गर्न आधुनिक प्रबिधिमा बिशेष ध्यान दिईनेछ । सूचना प्रविधि नै आधुनिक बैंकिङ्ग तथा ग्राहक वर्गहरुको सन्तुष्टिको मुख्य आधार भएको हुनाले सूचना प्रविधिमा समय सापेक्ष परिमार्जन गर्न बिशेष ध्यान दिईनेछ ।

समाज प्रतिको उत्तरदायित्वलाई समेत आत्मसाथ गरी बिभिन्न सामाजिक क्रियाकलाप सञ्चालन गर्दै आईरहेका छौं ।आगामी दिनहरुमा हामी सबैभन्दा उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्य लिएर अगाडि बढी रहेका छौं । आफ्नो उद्देश्यमा सफलता हसिल गर्न हामीले मूल्य मान्यताको संस्थापना, उच्च संस्कारको विकास तथा स्पष्ट कार्ययोजना अङ्गीकार गरेका छौं । सर्वसाधारण जनताको कडा परिश्रमबाट सृजित निक्षेपको सही ढङ्गले परिचालन गर्न तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउन संयमित हुँदै व्यवसाय संचालन गरी शेयरधनीलाई उचित प्रतिफल प्रदान गर्न हामी प्रतिवद्ध छौं । बैंकको समग्र विकासमा कर्मचारीहरुको अहम भुमिका एवं महत्वपुर्ण योगदान रहने हुदा कर्मचारी ब्यवस्थापनलाई चुस्त दुरुस्त बनाई बृत्ति विकास लगायत समय सापेक्ष सेवा सुविधामा समेत बिशेष ध्यान दिईनेछ । साथै कर्मचारीको मनोवल उच्च राख्न,नविनतम सोच तथा विचार विकास गर्न विशेष ध्यान दिइनेछ ।

यस गरीमामय सभा समक्ष आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान वांडफांड हिसाव, नगद प्रवाह विवरण, इक्यूटिमा आएको परीवर्तन तथा अनुसुचिहरु सहितका विवरण सहित बैंक सञ्चालनमा देखिएका चुनौतिहरु, समग्र बैंकिङ्ग कारोबारको समिक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी निर्देशनहरुको अधिनमा रही तयार गरिएको बैंकको आ.व.२०७४/०७५ को विस्तृत प्रतिवेदन सञ्चालक समितिको तर्फवाट बैंकको सत्रौ वार्षिक साधारण सभामा पेश गर्ने अनुमति चाहन्छौं ।

पुंजीकोषको गणना नेपाल राष्ट्र बैंकले तोके बमोजिम Capital Adequacy Framework 2007 (Updated July 2008) अनुसार गरिएको छ । आ.व. २०७३/०७४ को अन्तमा पुंजीकोषको अनुपात १६.८६ प्रतिशत रहेकोमा आ.व २०७४/०७५ को अन्तमा उक्त अनुपात १८.१० प्रतिशत कायम रहन गएको छ । जुन नेपाल राष्ट्र बैंक को निर्देशनअनुसार जरुरी हुने न्यूनतम कोष भन्दा ८.१० प्रतिशतले अधिक रहेको छ ।

आर्थिक वर्ष २०७३/०७४ को अन्त्यमा कुल सम्पत्ति रु.२९ अर्ब २२ करोड ४४ लाख रहेकोमा ८.९१ प्रतिशतले बृद्धि भइ आर्थिक वर्ष २०७४/०७५ को अन्त्यमा रु. ३१ अर्ब ८२ करोड ७१ लाख पुगेको छ। बैंकको कुल निक्षेप आ.व.२०७३/०७४ मा रू २५ अर्ब १३ करोड रहेकोमा प्रस्तुत आ.व.२०७४/०७५ मा ८.५१ प्रतिशतले बृद्धि भई रू २७ अर्ब २७ करोड पुगेको छ। त्यस्तै यस आ.व.को अन्तसम्ममा बैंकको कुल कर्जा लगानी रू.२१ अर्ब ६६ करोड पुगेको छ। गत आर्थिक वर्षको तुलनामा ४.५२ प्रतिशत कर्जा तथा सापटी वृद्धि भएको छ।

आ.व. २०७४/७५ गैह्र बैंकिङ सम्पत्तिको बेचबिखन गरि बैंकले उल्लेखनिय रुपमा असुली गरेको छ। गत बर्षको रु. ३९ करोड २ लाखको गैह्र बैंकिङ सम्पत्ति रु. ३२ करोड २५ लाखमा झार्न सफल भएको छ। साथै, सो बर्ष रु.४ करोड ३९ लाख गैह्र बैंकिङ सम्पत्ति थप गरेको छ। यसरी हेर्दा गैह्र बैंकिङ सम्पत्तितर्फ कुल असुली (सोही बर्ष सकार गरेर सोही बर्ष बिक्री गरेको सहित) रु.१२ करोड ६२ लाख भएको छ। साथै, उक्त गैह्र बैंकिङ सम्पत्तिको बिक्रीबाट रु.३ करोड ३५ लाख नाफा आर्जन गरेको छ।

बैंकले २०७३/०७४ मा सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा रु.६८ करोड ९१ लाख आर्जन गरेकोमा आ.व.२०७४/०७५ मा रु.८१ करोड ११ लाख आर्जन गरेको छ। सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफामा वृद्धिदर १७.७० प्रतिशत रहेको छ। बैंकको खुद नाफा/नोक्सान आ.व.२०७४/०७५ मा रु ५० करोड ७१ लाख रहेको छ जुन गत वर्षको तुलनामा २०.६१ प्रतिशतले वृद्धि भएको छ।

८. <u>छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु</u>

यस कम्पनीको काम कारबाहि, बार्षिक हरहिसाब, तथा बार्षिक प्रतिबेदनमा रहेका बिभिन्न बिषयहरुमा निम्न बमोजिमका शेयरधनीहरु कमश : (क) श्री अमृत नाथ रेग्मी (ख) श्री ब्यास कुमार शर्मा (ग) श्री मेजर कुबेर श्रेष्ठ (घ) श्री दिवाकर खडका (ङ)श्री ईन्द्रकृण्ण श्रेष्ठ (च) श्री बैजनाथ रौनीयार (छ) श्री चन्द्र नारायण श्रेष्ठ (ज) श्री अच्युत राज शर्मा (झ)श्री श्री कृष्ण काश्यप (ञ) श्री रोज कुमार श्रेष्ठ (ट) श्री शिब प्रसाद शर्मा (ठ) श्री गुणराज भट्टले सभामा ब्यक्त राय, सल्लाह, सुझाव समष्टिगत रुपमा निम्न बमोजिम रहेको छ।

चुक्ता पुँजिको हिसाबले महालक्ष्मी बिकास बैंक लि.सबै भन्दा ठुलो बिकास बैंकको रुपमा स्थापित हुन पुगेकोमा बैंक परीवारलाई धन्यबाद दिन चाहान्छु। ७ प्रतिशत नगद लाभांस र ८ प्रतिशत बोनस शेयर बितरण गर्न सफल हुनु भएकोमा सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरुलाई धन्यबाद दिदै आगामी बर्षमा पनि १५ प्रतिशत भन्दा बढि लाभांस दिन सफल हुनुहोस सुभकामना। जनरल रिजर्भ, र लगानीमा पनि यो बैंक माथी नै छ। Loan Structure पनि राम्रो देखिएको छ। निक्षेप करीब २७ अरब पुगेको छ तर अझै निक्षेप बढाउन तर्फ ध्यान दिनु पर्‍यो। Net Interest Income कम देखिएकाले आगामी दिनमा बिशेष ध्यान दिनु पर्‍यो। अफ ब्यालेन्ससिट आईटमको आम्दानी कम देखिएकाले त्यस तर्फ ध्यान दिनु पर्‍यो। कुल आम्दानीमा कती खर्च गर्ने हो Plan बनाएर काम गर्नु पर्‍यो। गैर बैकिंग सम्पत्ती बिकी गरी राईट ब्याक गर्न सफल भएकोमा बैंक ब्यवस्थापनलाई धन्यबाद दिन चाहान्छु। नेपाल Federal State का साथै ७ प्रदेश कायम भएकाले प्रत्येक प्रदेशमा बैंकको शाखा सञ्जाल कती हो उल्लेख गर्नु पर्ने देखिन्छ। बैंकले अब आफनै बासस्थान बनाउनु जरुरी देखिन्छ। चुक्ता पुँजि जहिले पनि जिरो फिगरमा राख्नु पर्ने भएकाले खण्डित शेयर हुन आएमा माथिल्लो पूर्ण अंकमा शेयर जारी गर्ने र नपुग रकम शेयरधनीबाट बुझाउन लगाउनु पर्ने ब्यवस्था कायम गर्न अनुरोध गर्दछु। फिर्ता भुक्तानी गर्न बाकी नगद लाभांसको बारेमा शेयरधनिहरु को खातामा पठाउन आवश्यक पहल गर्न अनुरोध छ। General Reserve मा बिशेष ध्यान दिनु पर्‍यो। सामाजिक उत्तरदायीत्वलाई अझै बृस्तृत गर्न महालक्ष्मी च्यारीटी बनाउन पहल गरौ।

बैंकको Progress राम्रो देखिएकाले यसमा सञ्चालक समिति, कार्यकारी प्रमुख, कर्मचारीहरुलाई धन्यबाद दिन चाहान्छु । महालक्ष्मी विकास बैंक बिकास बैंकहरुमा टप ३ मा पर्न सफल भएको छ । ब्यालेन्ससिट तुलनात्मक रुपमा राम्रो देखिएको छ आगामी बर्षमा अझै राम्रो ब्यालेन्ससिट बनाउन सक्नुहोस शुभकामना । Loan Portfolio, Assets Quality मा सुधार गर्दै जानु पर्‍यो । गैर बैंकिंग सम्पत्ती बिक्री गर्न तिर बिशेष ध्यान जावोस । आगामी बर्ष अझै राम्रो ब्यालेन्ससिट ल्याई शेयरधनिहरुलाई बढिसे बढि प्रतिफल दिन सक्नुहोस मेरो यहि शुभकामना छ । Wright back भन्दा बैकिंग कारोबारबाट आम्दानी गर्नु पर्छ । बैंक कुन अवस्थामा आईपुग्यो सञ्चालक समितिले Analaysis गरी सो बमोजिमको Plan बनाउनु पर्छ । आगामी बर्ष देखि Performance राम्रो देखिएका कम्तीमा ५ बिकास बैंकको तुलनात्मक चार्ट सहितको बिबरण प्रतिबेदनमा समाबेश गर्न सल्लाह दिन्छु । ब्यालेन्ससिट राम्रो हुनुका साथै Discloser समेत राम्रो रहेको छ । बैंकको Customer Service मा राम्रो ब्यभार, र बोलि भएका कर्मचारीलाई राखौ सो गर्दा बैंकमा आउने ग्राहक, शेयरधनिलाई बैंक प्रति राम्रो छाप पर्न जाने हुन्छ । तुलनात्मक रुपमा कानुनी खर्च बढि देखिएकोले ऋणीहरु संग सहमति गरी कर्जा राफसाफ गर्ने तर्फ कार्य गर्न सुझाव दिन चाहान्छु । सामाजिक उत्तरदायीत्व अन्तर्गतको कार्यक्रम गर्दा बिकट जिल्लाहरु जहा औषधिको अभाव छ त्यहा औषधि बितरण गर्दा राम्रो CSR हुन्छ जस्तो लाग्छ । अध्यक्षको मन्तब्यमा ५ बर्ष पछि बैंकलाई यस्तो अवस्थामा पुयाउछौ भन्ने Vision आउनु पर्‍यो । बजारमा फडको मात्रा बृद्धि भैरहेकाले हरेक समय सजगता अपनाउदै जाऔ । शेयरको Price बढाउने तर्फ सबै लागौ । प्रतिबेदनको किताब पातलो बनाउन बैंक ब्यवस्थापनलाई सुझाव दिन चाहान्छु । शेयरधनिले सभामा दिएको सल्लाह, सुझावलाई माईन्युट गर्दै लान सुझाव दिन चाहान्छु ।

चुक्ता पुजि पुगीसकेकोमा आगामी बर्ष बोनस शेयर दिएर ईक्युटी बढाउने हो वा नगद बाडने हो स्पष्ट पारी दिनु पर्‍यो । Legal Case को संख्या बढि भयो घटाउदै लेजानु पर्‍यो । कर्मचारीहरुको लागी बिमाको ब्यवस्था भएको रहेछ ज्यादै राम्रो कुरा हो । NPL घटाउदै लेजानु पर्‍यो । आगामी बर्ष बैंकले कती लाभांस दिन सक्छ स्पष्ट पारीदिनु पर्‍यो । लाभांसको कर बैंक वा सम्बन्धीत शेयरधनी कस्ले तिर्ने हो स्पष्ट पारीदिनु पर्‍यो । नगद लाभांसको भुक्तानी लिन बाकी शेयरधनीहरुको नामावली उल्लेख गर्नु पर्‍यो । बिरगंजमा CSR को कार्यक्रम भएको नदेखिएकाले सो तर्फ ध्यान जावोस । शाखा सञ्जाल बढाउन लाग्नु भएकोमा धन्यवाद । सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व गर्ने तर्फ सञ्चालक समितिलाई ध्यानाआकर्षण गराउन चाहान्छु । आगामी बर्ष बैंकले अझै बढि लाभांस दिन सकोस शुभकामना । निक्षेपको मिक्स राम्रो देखिएको छ । आम्दानी बृद्धि गर्न बिभिन्न कम्पनीहरुको शेयरमा लगानी गरेको राम्रो छ । लामो समय पछि बिगत बर्ष र यस बर्ष शेयरधनीहरुले लाभांस पाउन सफल भएको प्रति बैंकलाई धन्यबाद दिन चाहान्छु । बित्तीय बजारमा ईमान्दारीताका साथ काम गर्‍यौ र Positive सोचाई राख्यौ भने भने अवश्यनै संस्था अगाडी बढछ । गतसालको भन्दा Net Interest Income बढाउन सफल भएकोमा धन्यबाद । शेयरधनीहरुले लगानीको बढि से बढि प्रतिफल पाउन सकुन र संस्था दिगो रहोस यहि शुभकामना छ । निष्कृय कर्जा घटाउन सफल भएकोमा धन्यबाद । खोल्ने नया शाखाहरुको नाम प्रतिबेदनमा खुलाएको भए राम्रो हुने थियो । बित्तीय बजारमा रिस्कको मात्रा बढिरहेको अवस्थामा ATM चिप बेस कार्ड ल्याउन लाग्नु भएकोमा धन्यबाद । समयमै साधारण सभा सम्पन्न गरेकोमा धन्यबाद ।

बैंकको आर्थिक सुचाकं प्रगति पथमा रहेको देखिन्छ । प्रति शेयर आम्दानी कम देखिएकाले बढाउन तिर सबैंको ध्यान जावोस । निष्कृय कर्जा बढि देखिएकाले घटाउन पहल गर्नु पर्‍यो । NFRS को प्रतिबेदन सहितको बार्षिक प्रतिबेदन बनाउन बैंकले धेरै मेहनत गरेको देखिन्छ । प्रतिबेदन साधारण पानामा गर्दा

Cost कम हुने भएकाले त्यस तर्फ कार्य गर्न अनुरोध छ । बैंकको बार्षिक प्रतिबेदन धैरै राम्रो बन्न गएको छ । बैंकहरुमा फडको मात्रा बढिरेहेको अवस्थामा शाखा सञ्चालन गर्दा सर्तकता एबं निगरानी बढाउनु जरुरी हुन्छ त्यस तर्फ बिचार पुऱ्याईयोस । क्षेत्रगत आम्दानी र आगामी बर्षमा बैंकले आम्दानी बढाउन गर्ने योजनाका बारेमा प्रतिबेदनमा नआएकाले आगामी प्रतिबेदनमा ध्यान दिईयोस । नाफा बढाउनुका साथै खर्च घटाउन तर्फ ध्यानाआकर्षण गर्दछु । बैंकले ७ प्रतिशत नगद र ८ प्रतिशत बोनस शेयर बितरण गरेकोमा सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरुलाई धन्यबाद । लाभांसको करको बारेमा स्पष्ट पारीदिन अनुरोध छ । कर्मचारीहरुलाई समयानुकुल उचीत तलब, भत्ता, सुबिधा, दिने र तालीमको ब्यवस्था गर्नु पऱ्यो । मर्जर एक्युजिसन अझै पनि बैंकको आवश्यकता हो कि स्पष्ट पार्नु पयो ।

यस सम्बन्धमा सेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्युले सेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह सुझाव प्रति धन्यवाद दिदै प्राप्त सुझाव बमोजिम बैंक अगाढि बढने छ । शेयरधनिहरुबाट प्राप्त सल्लाह, सुझाव, तथा कर्मचारीहरुको मेहनतले बैंक प्रगति तर्फ अगाढि बढिरहेको छ । बैंक सुधारोन्मुख छ । कर्जाको ब्याजदरमा बृद्धि नगरीएका कारण Net Interest Income कम भएको हो । बैंकको खर्च बढि देखिनुको कारण गत बर्ष ६७ वटा शाखा रहेकोमा बृद्धि भई ८६ वटा शाखा सञ्चालनमा रहेको र आ.व ०७५।०७६ को अन्तसम्ममा करीब ९५ वटा सम्म शाखा पुऱ्याउने लक्ष्य लिएका छौ सोहि कारण खर्च बढन गएतापनि आगामी बर्षमा खर्च घटने र आम्दानी बढने छ ।

बैंकको आफनो भवन होस भन्ने हेतुले उपयुक्त स्थानको खोजि गर्ने कार्य भैरहेकाले यथासक्य चाडो बैंकको आफनै भवन बनाउने छौ । ८ प्रतिशत बोनश शेयर वितरण गर्दा खण्डित शेयर हुन आएमा माथिल्लो पूर्ण अंकमा शेयर जारी गर्ने र नपुग रकम शेयरधनीलाई वितरण गरिने नगद लाभाशंबाट कट्टा गरी समायोजन गर्ने बिबिध प्रस्ताव छलफलका लागी साधारण सभामा पेश गरेको छौं । ने.रा.बैंकको निर्देशन बमोजिमको चुँक्ता पुँजि पुगीसकेतापनि General Reserve बढि होस भन्ने हेतुले नै बोनश शेयर जारी गरीएको हो । सामाजिक उत्तरदायीत्वलाई अझै बिस्तार गर्न महालक्ष्मी फाउण्डेशन बनाउने सोचका साथ कार्य गरीरहेका छौ ।

७० करोड राईट ब्याक(बाट कमाएको तर अपरेशन तथा अन्य शिर्षकबाट आम्दानी नभएको शेयरधनीको जिज्ञासाका सम्बन्धमा सम्भाबित नोक्सानी ब्यवस्था अगाडिको सञ्चालन मुनाफा ६६ करोड ४२ लाख भएको प्रष्ट पार्न चाहान्छौ । ५ बर्षे कार्ययोजनाको मस्यौदा सहितको तयारी अन्तीम अवस्थामा रहेको छ । साधारण सभामा शेयरधनीहरुबाट प्राप्त सल्लाह सुझावलाई माईन्युट गर्ने गरीएको र Policy बनाउदा उपयुक्त सुझावहरुलाई समेटने गरीएको । त्यसैगरी आयकर ऐन २०५८ बमोजिम गाभिई नि:सर्ग भएको निकायले गाभिएको मितीले दुई बर्ष भित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभांशमा कर नलाग्ने अर्थात मिति २०७४/०३/१७ गते सम्म शेयर खरिद गरेका शेयरधनीहरुलाइ लाभांशमा कर लाग्ने छैन भने त्यसपछि शेयर खरिद गरेका शेयरधनीहरुलाइ लाभांश कर लाग्नेछ ।

आ.व ०७५।०७६ मा २० प्रतिशत सम्मको लाभांस बितरण गर्न सफल हुनेछौ भन्ने बिश्वास लिएका छौ । ATM Chip Based Card र डलर कार्ड तयारीको प्रकृयामा रहेको छ । यस बैंकबाट बिधुत महशुल भुक्तानीको ब्यवस्था समेत गरीसकेका छौ । IT Security प्रति सचेत छौ र सो बमोजिम निती बनाएका छौ । मर्जर र एक्युजिसनमा तत्काले जाने सोच बनाएका छैनौ तथापी बैंकलाई बढि प्रतिफल दिने गरी कुनै प्रस्ताव आएमा त्यस्को बिकल्पका लागी यो प्रस्ताव राखेका हौ ।

प्राबिधिक बिषयका सम्बन्धमा शेयरधनीहरुले राखेको सुझावका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतले गत बर्ष बिभिन्न संस्थाहरु मर्जर भएकाले मर्जर तिर बढि Consodilated हुन गएकाले Net Interest Income मा केहि कमि भएको हो । आगामी ०७५।०७६ को साधारण सभा आश्विन भित्र गर्ने सोच बनाएका छौ । निश्चय पनि सो बर्षमा आम्दांनी बढाउने छौ । खराब कर्जा अशुली तर्फ बढि लक्षित भई कार्य गरीरहेका छौ । बार्षिक प्रतिबेदनमा NFRS समेतले गर्दा मोटो देखिएको हो आगामी बर्ष केही पातलो हुनेछ । बैंकलाई पहिलो, दोस्रो, तेस्रो,भन्दा पनि Best Among the Best बनाउने प्रयास गर्नेछौ ।

शेयरधनीहरुले साधारण सभामा उपस्थिति भै आफनो अमुल्य समय दिई बैंक्लाई सल्लाह, सुझाव दिएकोमा धन्यवाद दिन चाहान्छौ । सल्लाह सुझावलाई आत्मसाथ गरी अगाडि बढनेछौ । अन्तमा उपस्थित शेयरधनी महानुभाव, सञ्चालक कर्मचारी वर्ग, सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्ताब पारीत गर्न अनुरोध गर्दछु ।

## ९. छलफल तथा निर्णयहरु

### (क) सामान्य प्रस्ताब

(१) अध्यक्षज्यूको मन्तब्य सहित सत्रौ वार्षिक साधारण सभा (आ.व.२०७४/०७५) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा अध्यक्षज्युले निर्णायार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ साल आषाढ मसान्तको वासलात,तथा आ.ब.२०७४/०७५ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब छलफल पश्चात सेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ७ प्रतिशतका दरले हुने रु. १८,४३,६५,८२१/– (अक्षरेपी अठार करोड त्रिचालीस लाख पैसठ्ठी हजार आठ सय एक्काईस) नगद लाभांश पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब शेयरधनिहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) कम्पनी ऐन २०६३ को दफा १११ तथा बैङ्क तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०७५/०७६ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा बाह्य लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनीले यस बैंककों तिन आर्थिक वर्षको लेखापरीक्षण गरीसक्नु भएकोले लेखापरीक्षण समितिबाट आ.व २०७५/०७६ का लागी लेखापरीक्षकमा सफारीस भए मध्येका श्री T.R Upadhya & Co Chartered Accountants लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु ७,२५,०००।– (लेखापरीक्षक शूल्क, करलेखापरीक्षण, लंगफर्म अडिट रिपोर्ट, दफा ७८ प्रमाणिकरण तथा OPE समेत) (कर बाहेक) भुक्तानी दिने सिफारीसको प्रस्तावलाई शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

लेखापरीक्षण समितिबाट सिफारीस भएका संस्थाहरु

| सि.नं. | लेखापरीक्षण संस्थाको नाम | लेखापरीक्षण शूल्क रु. (कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | Pratik Khanal & Associates, Chartered Accountants | ८,५०,०००/- | लेखापरीक्षक शूल्क, करलेखापरीक्षण, लंग फर्म अडिट रिपोर्ट तथा दफा ७८ प्रमाणिकरण (Out of Pocket Exp-(OPE) बाहेक |
| २ | T.R Upadhya & Co Chartered Accountants | ७,२५,०००/- | लेखापरीक्षक शूल्क, कर लेखापरीक्षण, लंग फर्म अडिट रिपोर्ट, दफा ७८ प्रमाणिकरण तथा OPE समेत |
| ३ | Manoj Thapaliya & Associates, Chartered Accountants | ७,७५,०००/- | लेखापरीक्षक शूल्क, करलेखापरीक्षण, लंग फर्म अडिट रिपोर्ट तथा दफा ७८ प्रमाणिकरण (Out of Pocket Exp-(OPE) बाहेक |

(५) सञ्चालक समितिको दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा सम्बन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुदा निम्न बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा भत्ता सुविधालाई शेयधनीहरुबाट सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च वापतको सुबिधा देहाय बमोजिम हुनेछ :–

| पद | नेपाल, भारत, बाहेकका अन्य देश युएस डलर | भारत (भा.रु) | नेपाल (ने.रु) |
|---|---|---|---|
| अध्यक्ष | होटल खर्च ३५० | होटल खर्च १०,००० | होटल खर्च १०,००० |
| | खाना खर्च १२५ | खाना खर्च ४,००० | खाना खर्च ४,००० |
| | दैनिक भ्रमण भत्ता वापतको सुबिधा १०० | दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,७५० | दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,७५० |
| सञ्चालक | होटल खर्च ३०० | होटल खर्च ८,००० | होटल खर्च ८,००० |
| | खाना खर्च १०० | खाना खर्च ३,५०० | खाना खर्च ३,५०० |
| | दैनिक भ्रमण भत्ता वापतको सुबिधा १०० | दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,५०० | दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,५०० |

(ङ) विकास बैंकको सञ्चालक समिति वा अन्य समिति, उपसमितिको बैठकमा उपस्थित हुनु पर्ने भएमा वा कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानु पर्ने भएमा परिबहन खर्च, हवाई टिकट खर्च, संचार खर्च, भिषा फिको हकमा बास्तबिक बिल अनुसार प्रदान गरीने छ ।

(ख) **विशेष प्रस्ताव**

(१) आर्थिक वर्ष २०७४/०७५को मुनाफाबाट शेयरधनीहरुलाई रु.२१,०७,०३,७९६/–(अक्षरेपी एक्काइस करोड सात लाख तीन हजार सात सय छ्यानब्बे) अर्थात चुक्ता पुंजीको ८

प्रतिशतका दरले बोनस शेयर जारी गर्ने प्रस्ताव शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरियो ।

(२) वोनस शेयर ८ प्रतिशत जारी भए पश्चात बैंङ्कको जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोहि बमोजिम प्रवन्धपत्रको दफा ५(ख), (ग) विकास बैंकको पूँजीको संरचना, र नियमावलीको नियम १७, स्वतन्त्र सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रकृया सम्बन्धी ब्यवस्था, २९ (घ), (ङ) सञ्चालकको दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्थाः संशोधन गर्न पेश भएको निम्न बमोजिमको प्रस्ताब सर्बसम्मतिले पारीत गरीयो ।

**संशोधित प्रबन्धपत्रको दफाहरु**

**५ विकास बैकको पुँजिको संरचना**

**(ख)** विकास बैंकको जारी पूँजी रू२,८४,७१,५६,६००/–(अक्षरेपी दुई अरब चौरासी करोड एकहत्तर लाख छपन्न हजार छ सय ) हुनेछ । सो पुँजि लाई प्रतिशेयर रु.१००/- दरका २,८४,७१,५६६ (दुई करोड चौरासी लाख एकहत्तर हजार पाँच सय छेसठ्ठी)

**(ग)** विकास बैंकको चुक्ता पूँजी रू२,८४,७१,५६,६००/–(अक्षरेपी दुई अरब चौरासी करोड एकहत्तर लाख छपन्न हजार छ सय) हुनेछ ।

**संशोधित नियमावलीको नियमहरु**

**१७ स्वतन्त्र सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रकृया सम्बन्धी ब्यवस्था :**

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम स्वतन्त्र सञ्चालक हुन योप्य भएको ब्यक्ती मध्येबाट सञ्चालक समितिले एकजना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निजको पुन : नियुक्ती हुन सक्ने छैन ।

(३) स्वतन्त्र सञ्चालकको काम, कर्तब्य, र अधिकार अन्य सञ्चालक सरह हुनेछ ।

**२९ सञ्चालकको,पारीश्रमिक,भत्ता,दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्थाः**

(घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च वापतको सुबिधा देहाय बमोजिम हुनेछ :–

**नेपाल, भारत, बाहेकका अन्य देश युएस डलर**

**अध्यक्ष** : होटल खर्च ३५०, खाना खर्च १२५, दैनिक भ्रमण भत्ता वापतको सुबिधा १००,

**सञ्चालक** : होटल खर्च ३००, खाना खर्च १००, दैनिक भ्रमण भत्ता वापतको सुबिधा १००,

**भारत (भा.रु)**

**अध्यक्ष** :होटल खर्च १०,०००, खाना खर्च ४,०००, दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,७५०,

**सञ्चालक** :होटल खर्च ८,०००, खाना खर्च ३,५००,दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,५००,

**नेपाल (ने.रु)**

**अध्यक्ष** :होटल खर्च १०,०००,खाना खर्च ४,०००, दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,७५०,

**सञ्चालक** :होटल खर्च ८,०००,खाना खर्च ३,५००,दैनिक भ्रमण भत्ता वापतको सुबिधा ३,५००,

(ङ) विकास बैंकको सञ्चालक समिति वा अन्य समिति, उपसमितिको बैठकमा उपस्थित हुनु पर्ने भएमा वा कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानु पर्ने भएमा परिबहन खर्च, हवाई टिकट खर्च, संचार खर्च, भिषा फिको हकमा बास्तबिक बिल अनुसार प्रदान गरीने छ ।

(३) यस महालक्ष्मी बिकास बैंङ्क लिमिटेड र अन्य कुनै उपयुक्त बैंङ्क तथा वित्तीय संस्था एक आपसमा प्राप्ती/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंङ्क वित्तीय संस्था पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) हस्ताक्षर गर्ने,सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निबेदन दिने, बैंङ्कको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्त्ता, लेखापरीक्षक नियुक्त गर्ने, र निजको पारिश्रमिक निर्धारण गर्ने, तथा Acquisition /Merger संग सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) बैंङ्कको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंङ्कको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताब सर्बसम्मत बाट पारीत गर्ने निर्णय गरीयो ।

(५) **विविध**

८ प्रतिशतका दरले बोनश शेयर वितरण गर्दा खण्डित रुपमा शेयर प्राप्त हुन आएमा माथिल्लो पूर्ण अंकमा शेयर जारी गर्ने र नपुग रकम शेयरधनीलाई वितरण गरिने नगद लाभाशंबाट कट्टा गरी समायोजन गर्ने बिबिध प्रस्तावको रुपमा शेयरधनी श्री श्याम कृष्ण श्रेष्ठले मिति २०७५।६।१९ मा पेश गरेको निबेदन सभामा पेश गरीएकोमा सर्बसम्मतीले उल्लेखित प्रस्तावलाई स्वीकृति प्रदान गर्ने निर्णय गरीयो । यसरी खण्डित रुपमा प्राप्त वोनश शेयर जारी गर्दा बृद्धि भए अनुसारको चुक्ता पूँजी नियमन निकायहरुमा अभिलेखको लागि पेश गर्ने समेत निर्णय गरियो ।

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभाबहरुले सभामा सकिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्बन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनू भएकोमा वहाहरु प्रति आभार प्रकट गर्दै सभामा उपस्थित हुनु भएका सञ्चालक, बैंक ब्यवस्थापन, कर्मचारीहरु, आफ्नो अमुल्य समय दिई उपस्थित हुनु हुने सेयरधनी महानुभावहरु लगायत नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि. तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षकलाई हार्दिक धन्यबाद दिनुभयो ।

| | |
|---|---|
| .................. | .................. |
| सोमराज पन्त | राजेश उपाध्याय |
| कम्पनि सचिब | अध्यक्ष |